बेलकोटगढी  नगरपालिका क्षेत्रका कृषि तथा पशुपंक्षी जन्य तथा अन्य क्षेत्रका व्यावसाय प्रबर्धन गर्नका लागि सहयोग पुग्न तथा नगरपालिकाको नीति अनुसार व्यवसायि बन्न चाहने वा व्यावसाय संचालन गरिरहेका सबै खाले उद्यमीहरुलाई नेपाल राष्ट्र बैंकको सहुलियत पूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धि एकिकृत कार्यविधि २०७५ (तेस्रो सशोधन २०७७) अन्तर्गत योग्यता पुगेका उद्यमीहरुलाई ऋण प्रवाह तथा ब्याज अनुदान दिई स्वरोजगारीको अवसर तथा उद्यम प्रवर्धन गर्न, विदेशबाट फर्केका युवाहरुको विदेशमा आर्जन गरेको शीप र व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न, दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकिकरण गरि व्यवसायिकता अभिबृद्धि गर्न,जनजाति, सिमान्तकृत, अपांगता तथा विपन्न बर्ग तथा क्षेत्रलाई विशेष प्राथमिकता दिई आय आर्जनका लागि सहुलियत ऋण प्रदान गरि उद्यमशिलता विकास तथा वित्तीय पहुँच बढाउने उद्देश्यले बेलकोटगढी नगरपालिकाले नेपाल राष्ट्र बैक बाट इजाजत प्राप्त क, ख र ग वर्गका बैकिङ सस्थाहरु संग सम्झौता गर्ने उदेस्य लिएको छ। यसै उदेस्य अनुसार आज २०७७ साल, पुष २३ गते श्री सानिमा बैंक लिमिटेड, श्री जनता बिकाश बैक लिमिटेड तथा नुवाकोट उद्योग वाणिज्य संघ सहित त्रीपक्षीय सम्झौता गरिएको छ।